निर्णयः

१. हालै मुलुकभर भएको भारी वर्षा, बाढी, पहिरो र डुवानबाट भएको जनधनको क्षतिप्रति यस मन्त्रालय र मातहतका निकायका तर्फबाट मृतकका परिवारलाई समवेदना र घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।

२. विपद प्रभावितहरुलाई खाद्यान्न तथा गैर खाद्यान्न राहत उपलब्ध गराउन गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले माग गरेको सामग्री तत्काल उपलब्ध गराउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, नेपाल आयल निगम लिमिटेड लगायतका सबै निकाय र कार्यालयले सक्रियतापूर्वक कार्य गर्ने।

३. औद्योगिक ग्राम, औद्योगिक पूर्वाधार, ठूला, मझौला, साना, घरेलु उद्योगहरु र पसल, गोदाम, डिपार्टमेन्टल स्टोर लगायतका संरचनाहरुमा भएको क्षतिको विवरण सम्बन्धित निजी क्षेत्रको छाता संगठन र स्थानीय प्रशासनसँग माग गरी क्षतिको विवरण संकलन गर्ने।

४. गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयसँग समन्वय गरी क्षतिग्रस्त यातायात पूर्वाधार सुचारु गर्न खानी तथा भूगर्भ विभागले आवश्यक भौगर्भिक विशेषज्ञ सहितको टोली तत्काल परिचालन गर्ने।

५. विपदपश्चातको अवस्था र आसन्न चाडवाडलाई लक्षित गरी बजारमा हुनसक्ने मूल्यवृद्धि, कालोबजारी, होर्डिङ गर्ने प्रवृत्तीलाई निरुत्साहित गर्न बजार अनुगमनलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सुचारू राख्ने। साथै, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट सञ्चालन भइरहेका सुपथ मूल्य पसल सञ्चालनलाई निरन्तरता दिने।

६. हालको अवस्थामा प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्रलाई खाद्यान्न, पेट्रोलियम पदार्थ र अन्य गैर खाद्य सामग्रीहरुको सहज आपूर्तिको व्यवस्था सुनिश्चित गर्न र बजार नियमनलाई प्रभावकारी बनाउँदै आम नागरिक र उपभोक्ताहरुलाई सेवा प्रदान गर्ने अनुरोध गर्ने।

७. यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विपद् व्यवस्थापन र आपूर्ति श्रृंखला व्यवस्थापनका लागि अन्य मन्त्रालय र निकायहरुसँग आवश्यक समन्वय र सहजीकरण गर्न मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा प्रमुखलाई विपद् सम्पर्क व्यक्ति (Focal Person) तोक्ने।

८. यस मन्त्रालय र अन्तर्गतका निकायहरुले कर्मचारीहरुलाई अत्यावश्यक कार्य बाहेक काज तथा बिदामा नराख्ने।

२०८१।६।१३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

AnyScanner